१०. स्वार्थ रहेको विषयमा जानकारी गराउने: कुनै शिक्षक-कर्मचारीको आफ्नो विद्यालयसँग सम्बन्धित कुनै कामका सम्बन्धमा कुनै व्यक्तिगत स्वार्थ रहेको भएमा त्यस्तो कर्मचारीले सो कुराको जानकारी आफूभन्दा माथिल्लो श्रेणीको अधिकृतलाई गराउनुपर्नेछ।

११. परिचयपत्र, पोशाक लगाउनुपर्ने: (१) शिक्षक-कर्मचारीले विद्यालयमा रहँदा आफ्नो परिचयपत्र सबैले देख्न सक्ने गरी लगाउनुपर्नेछ।

(२) शिक्षक-कर्मचारीले मर्यादित किसिमको पोशाक लगाउनुपर्नेछ।

(३) कुनै विद्यालयका शिक्षक कर्मचारीको लागि पोशाक निर्धारण गरिएकोमा त्यस्तो विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीले विद्यालयमा रहँदा तथा विद्यालयको तर्फबाट प्रतिनिधित्व गर्दा त्यस्तो पोशाक लगाउनुपर्नेछ।

१२. राजनीतिक तटस्थता कायम गर्ने: (१) शिक्षक कर्मचारी कुनै राजनीतिक पदाधिकारीको व्यक्तिगत, व्यवसायिक वा राजनीतिक इच्छालाई प्रवर्द्धन गर्ने क्रियाकलापमा संलग्न हुनुहुँदैन।

(२) शिक्षक-कर्मचारी कुनै पनि राजनीतिक दल, तिनीहरुका भातृ सङ्गठन वा कुनै दलको नेताको समर्थन वा विरोधमा कुनै विचार व्यक्त गर्न वा त्यसमा कसैलाई समर्थन वा विरोध गर्नको लागि प्रभावमा पार्नुहुँदैन। ट्रेड युनियनको हकमा सोही ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

(३) शिक्षक कर्मचारीले आफ्नो पदीय जिम्मेवारी पूरा गर्दा पूर्णरुपमा राजनीतिक तटस्थता कायम गर्नुपर्नेछ।

१३. पारदर्शिता कायम गर्ने : शिक्षक-कर्मचारी आफ्नो विद्यालयबाट प्रदान गरिने सेवा सुविधा, आपूर्ति गर्ने वा उपलब्ध गराउने सामग्री वा निर्माण कार्य सञ्चालन गर्ने भए सो सम्बन्धी तौरतरिका र त्यसको निर्णय प्रकृयालाई पारदर्शी बनाउनुपर्नेछ।

१४. सेवा प्रवाह: (१) शिक्षक-कर्मचारी आफूलाई सुम्पिएको जिम्मेवारी छिटो, छरितो, पूर्ण र गुणस्तरीय रुपमा निर्वाह गर्न सदा प्रयत्नशील रहनुपर्नेछ।

(२) शिक्षक-कर्मचारी सेवा प्रदान गर्दा अशक्त, अपाङ, सुत्केरी वा गर्भवती महिला, बालबालिका र असहायलाई प्राथमिकता दिनु पर्नेछ।

(३) शिक्षक-कर्मचारी सेवाग्राहीको काम समयमै सम्पन्न गरिदिनुपर्नेछ। कुनै कारणबाट समयमै काम सम्पन्न हुन नसक्ने भएमा वा सेवाग्राहीले चाहेको कार्यसम्पादन गर्न नसकिने वा नमिल्ने भएमा त्यसको आधार र कारणको जानकारी यथाशीघ्र सम्बन्धित सेवाग्राहीलाई दिनुपर्नेछ।

CamScanner